**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले केन्द्रीय सरकार किसानहरुको जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउन प्रतिबद्ध रहेको बताउनु भएको छ ।

- राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा प्रतिष्ठित स्वच्छ सर्वेक्षण २०२४-२५ पुरस्कार प्रदान गर्नुहुनेछ।

- केन्द्रीय गृह अनि सहकारिता मंत्री अमित शाह आज जयपुरमा आयोजित हुने सहकारिता एवं रोजगार उत्सवमा सहभागी हुनुहुनेछ।

- भारतीय विशिष्ट पहिचान प्राधिकरण (यूआईडीएआई) ले मृतक व्यक्तिहरूको आधार नम्बर निष्क्रिय गरेर आधार डाटाबेसलाई सही र भरपर्दो राख्न सकारात्मक कदम चालेको छ।

- मौसम बिभागले भारतको पूर्वी र मध्य भूभागमा शुक्रबारसम्म भारी वर्षाको सम्भावना हुने जनाएको छ।

**पीएम – कैबिनेट**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले केन्द्रीय सरकार किसानहरुको जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउन प्रतिबद्ध रहेको बताएका छन् । एक सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले भन्नुभयो, "केन्द्रीय मन्त्रीमंडलले प्रधान मन्त्री धनधान्य कृषि योजनालाई अनुमोदन गर्नु यस दिशामा एक महत्वपूर्ण कदम हो। प्रधान मन्त्रीले भन्नुभयो यसबाट कृषि क्षेत्रमा बाली उत्पादनमा वृद्धि हुनुका साथै किसानको आयआर्जनमा समेत वृद्धि हुनेछ । यो योजना नीति आयोगको आकांक्षी जिल्ला कार्यक्रमबाट प्रेरित छ र यो यस प्रकारको पहिलो कार्यक्रम हो जुन विशेष गरी कृषि र सम्बद्ध क्षेत्रहरूमा केन्द्रित छ। यस योजनाको उद्देश्य कृषि उत्पादकता वृद्धि गर्नु, बालीहरूको विविधीकरण गर्नु र दिगो खेती पद्धतिहरू अपनाउनु, पंचायत र ब्लक स्तरमा फसल पछिको भण्डारण बढाउनु, सिंचाई सुविधाहरूमा सुधार गर्नु र दीर्घकालीन र अल्पकालीन ऋणको उपलब्धतालाई सुविधाजनक बनाउनु हो। आर्थिक वर्ष २०२५-२६ को बजेट प्रस्तावमा "प्रधानमन्त्री धन-धान्य कृषि योजना" अन्तर्गत १०० जिल्लाको विकासका लागि यो कार्यक्रम घोषणा गरिएको थियो। राज्यका अन्य योजना र निजी क्षेत्रको स्थानीय सहभागितामा ११ विभागमा ३६ वटा विद्यमान योजनाहरू मार्फत यो योजना लागू गरिनेछ।

**राष्ट्रपति-स्वच्छ सर्वेक्षण**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा प्रतिष्ठित स्वच्छ सर्वेक्षण २०२४-२५ पुरस्कार प्रदान गर्नुहुनेछ। यस कार्यक्रमले शहरी भारतका सबैभन्दा स्वच्छ शहरहरूलाई सम्मान गर्नेछ र स्वच्छ भारत मिशन-शहरीलाई अगाडि बढाउने प्रयासहरूलाई मान्यता दिनेछ। यस वर्ष पुरस्कारहरू चार श्रेणीमा प्रदान गरिनेछ, जसमा सुपर स्वच्छ लिग शहरहरू र पाँच सबैभन्दा बढी जनसंख्या भएका शहरहरूमध्ये शीर्ष तीन स्वच्छ शहरहरू समावेश छन्। आवास तथा शहरी मामिला मन्त्रालयले यस वर्ष कुल ७८ पुरस्कारहरू प्रदान गरिने बताएको छ। मन्त्रालयले भनेको छ कि स्वच्छ सर्वेक्षण २०२४-२५ ले शहरीसरसफाइ र सेवा वितरणको मूल्याङ्कन गर्न स्मार्ट र सकारात्मक दृष्टिकोण अपनाएको छ , जसले शहरहरूमा सरसफाइ र फोहोर व्यवस्थापनको समग्र दृश्य प्रस्तुत गर्नेछ।

**अमित शाह-गुजरात यात्रा**

केन्द्रीय गृह अनि  सहकारिता मंत्री अमित शाह आज जयपुर आउनु हुनेछ । उहाँ जयपुर नजिकैको  डाडिया गांवमा आयोजित सहकारिता एवं रोजगार उत्सवमा शामेल हुनुहुनेछ। श्री शाहले  एक विशाल जनसभालाई पनि  संबोधित गर्नुहुनेछ ।यस अवसरमा उहाँले सरकारी नौकारिहरुको लागि  नवचयनित युवाहरुलाई  नियुक्ति पत्र वितरण गर्नुहुनेछ  ।

BYTE

**जल शक्ति**

सरकारले पोलावरम बनकाचेरला लिंक परियोजना र तेलङ्गना र आन्ध्र प्रदेश बीचको विचाराधीन अन्तरराज्यीय जल मुद्दाहरुसँग सम्बन्धित मामिलाहरूको जाँच गर्न उच्चस्तरीय प्राविधिक समिति गठन गर्ने निर्णय गरेको छ।केन्द्रीय जल शक्ति मन्त्री सी.आर. पाटिलको अध्यक्षतामा हिजो नयाँ दिल्लीमा आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नायडू र तेलङ्गनाका मुख्यमन्त्री ए. रेवन्त रेड्डीसँग भएको उच्चस्तरीय बैठकपछि यो निर्णय गरिएको हो।जल शक्ति मन्त्रालयले भनेको छ  राज्य र केन्द्र दुवैका वरिष्ठ अधिकारीहरू र प्राविधिक विज्ञहरू सम्मिलित समितिले संयुक्त रूपमा विचाराधीन मुद्दाहरूको मूल्याङ्कन गर्नेछ र समतामूलक र प्रभावकारी जल  बाँडफाँड सुनिश्चित गर्न न्यायसंगत  र तकनिकी  रूपमा व्यवहार्य समाधानहरूको  सिफारिस गर्नेछ। बैठकमा जल व्यवस्थापनसँग सम्बन्धित प्रमुख मुद्दाहरूमाथि छलफल गरिएको थियो।दुवै राज्यले कृष्णा बेसिनमा जलको  प्रवाहको वास्तविक-समय अनुगमनका लागि टेलिमेट्री उपकरण स्थापना गर्न पनि सहमति जनाए। श्रीशैलम बाँधको सुरक्षा र मर्मतसम्भारसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्न तत्काल उपायहरू लिइने कुरामा पनि सहमति जनाए। दुवै  राज्यले कृष्णा नदी व्यवस्थापन बोर्डको कार्यालय विजयवाडाबाट अमरावतीमा सार्ने कुरामा पनि सहमति जनाए।

**अश्विनी- सीएससी दिवस**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले १० लाख नागरिकलाई नि:शुल्क आर्टिफिशियल इंटेलिजेंस प्रशिक्षण प्रदान गरिने बताउनु भएको छ । यसमा गाउँस्तरीय उद्यमीहरूलाई प्राथमिकता दिइनेछ। डिजिटल इन्डियाको १० वर्ष पूरा भएको अवसरमा नयाँ दिल्लीको यशोभूमि कन्भेन्सन सेन्टरमा आयोजित 'सीएससी दिवस' कार्यक्रममा श्री वैष्णवले सो कुरा बताउनु भएको हो ।साझा सेवा केन्द्रका कार्यकर्ताहरुको  प्रयास र उपलब्धिहरूलाई उजागर गर्दै श्री वैष्णवले देशभरका गाउँस्तरीय उद्यमीहरूले डिजिटल इन्डियाको लाभ  प्रत्येक नागरिकसम्म पुर्‍याएर उल्लेखनीय उदाहरण स्थापित गरेको बताउनु भएको छ ।

**यूआईडीएआई-**

भारतीय विशिष्ट पहिचान प्राधिकरण (यूआईडीएआई) ले मृतक व्यक्तिहरूको आधार नम्बर निष्क्रिय गरेर आधार डाटाबेसलाई सही र भरपर्दो राख्न सकारात्मक कदम चालेको छ। यसका लागि यूआईडीएआईले भारतको रजिष्ट्रार जनरलसँग सहकार्य गरेर १.५५ करोड मृतकको पहिचान गरेको छ । इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'भारतको रजिष्ट्रार जनरलले नागरिक दर्ता प्रणाली (सीआरएस) को प्रयोग गरी २४ राज्य र केन्द्र शासित प्रदेशका करिब १.५५ करोड मानिसको मृत्युको रेकर्ड यूआईडीएआईलाई उपलब्ध गराएको छ । उचित प्रमाणीकरण पछि, लगभग 1.17 करोड आधार नम्बरहरू निष्क्रिय गरिएको छ। विज्ञप्तिमा भनिएको छ .... गैर-सीआरएस राज्यहरू र केन्द्र शासित प्रदेशहरूमा पनि यस्तै प्रक्रिया चलिरहेको छ |अहिलेसम्म करिब ६ लाख ७० हजार मृत्युको रेकर्ड प्राप्त भएको छ र उनीहरूको आधार नम्बर निष्क्रिय गर्ने काम भइरहेको छ ।

**भारत-अमरीका ट्रम्प**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारत र अमेरिकाबीचको बहुप्रतिक्षित अन्तरिम व्यापार सम्झौताको वार्ता चाँडै सम्पन्न हुन सक्ने बताउनु भएको छ । श्री ट्रम्पले दुई देशबीचको वार्ता सकारात्मक वातावरणमा भइरहेको र प्रस्तावित सम्झौताले अमेरिकी कम्पनीहरूलाई अमेरिका र इन्डोनेसियाबीचको व्यापार सम्झौता अनुरूप भारतीय बजारमा राम्रो पहुँच प्रदान गर्न सक्ने बताउनु भएको छ । उहाँले  अमेरिकाले इन्डोनेसियामा पूर्ण पहुँच पाएको र भारत पनि यस दिशामा काम गरिरहेको बताउनु  भएको छ  ।

BYTE

**रूस-यूक्रेन हमला**

रुसले युक्रेनमा ४०० ड्रोन र एउटा ब्यालेस्टिक मिसाइलले पभरि हमला गरेको छ । युक्रेनको वायु सेनाका अनुसा रखारकीवए क्राइवइ रीह अनि विनित्सिया लगायत प्रमुख शहरहरुमा गरिएको आक्रमणमा ऊर्जा पूर्वाधारमा क्षति पुगेको छ भने करिब १५ जना घाइते भएका छन् । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यी आक्रमणहरू मुख्यतया ऊर्जा सुविधाहरूमा लक्षित भएको पुष्टि गरेका छन्। युक्रेनको वायु सेनाले अधिकांश ड्रोन नष्ट गरेको बताएको छ तर ५७ वटा ड्रोनले रक्षा कवचलाई तोड्दै १२ शहरमा आक्रमण गरेको छ। स्थानीय सञ्चारमाध्यमका अनुसार क्रिवेई रिह र वरिपरीका क्षेत्रमा ८० हजारभन्दा बढी घरमा विद्युत् आपूर्ति हुन सकेको छैन ।

**नेतान्याहू-संकट**

इजरायलको रुडिवादी शास पार्टीले बेन्जामिन नेतान्याहूको नेतृत्वमा रहेको गठबन्धन सरकारबाट अलग हुने घोषणा गरेको छ। इजरायली मिडिया रिपोर्टहरूमा भानिएको छ कि शास पार्टीले धार्मिक विद्यार्थीहरूलाई सैन्य भर्तीबाट छुटको ग्यारेन्टी गर्न सरकार असफल भएको विरोधमा सरकार छोड्ने निर्णय गरेको हो ।गठबन्धनबाट शासको फिर्ताले नेतान्याहूलाई अल्पसंख्यक सरकारको नेतृत्व गर्न गाह्रो बनाउनेछ किनकि उहाँले पहिले नै आफ्नो देशमा धेरै विरोधको सामना गरिरहेका छन्। अर्को रुडिवादी पार्टी, युनाइटेड टोराह जुडाइजम-यूटीजे,द्वारा सोही मुद्दामा सरकारबाट फिर्ता भएको एक दिनपछि शास पार्टीले गठबन्धन छोडेको छ।

**रसेल-संयाश**

वेस्ट इन्डिजका अलराउण्डर आन्द्रे रसेलले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यासको घोषणा गरेका छन् । रसेलले अब जुलाई २० र २२ मा अस्ट्रेलिया विरुद्ध टी–२० क्रिकेट खेल्नेछन् । अष्ट्रेलियाविरुद्धको पाँच खेलको टी–२० सिरिजको पहिलो दुई खेलका लागि रसेललाई वेस्ट इन्डिजको टोलीमा समावेश गरिएको छ । रसेल लगभग १० वर्षदेखि वेस्ट इन्डिजका लागि क्रिकेट खेलिरहेका छन् र उनी आफ्नो ब्याटिङका लागि चिनिन्छन् ।

**महिला क्रिकेट**

महिला क्रिकेटमा भारतले इंग्ल्याण्डलाई तीन एक दिवसीय क्रिकेट मैचहरुको श्रृंखलामा पहिलो एकदिवसीय खेलमा चार विकेटले पराजित गरेको छ । साउथह्याम्पटनमा गएराति टस जितेर पहिले ब्याटिङ गर्दै इंग्ल्यान्डले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर २५८ रन बनाएको थियो । सोफिया डंकलेले ९२ बलमा ८३ रन बनाइन् । जवाबमा भारतले दस बल शेष रहदानै लक्ष्य हासिल गर्यो। । दीप्ति शर्माले अविजित ६२ रन बनाउँदै प्लेयर अफ दि म्याच घोषित भइन् |

**मौसम**

मौसम विभागका अनुसार केरला, माहे, तमिलनाडु, कर्नाटक, लक्षद्वीप, आन्ध्र प्रदेश, रायलसीमा र तेलंगानामा आगामी ६ दिनसम्म भारी देखि अति भारी वर्षाको सम्भावना रहेको छ । मौसम विभागले अण्डमान र निकोबार द्वीपसमूह, बिहार, छत्तीसगढ, राजस्थान, हरियाणा, चण्डीगढ, हिमाचल प्रदेश, जम्मू कश्मीर, लद्दाख, गिलगिट, बाल्टिस्तान, मुजफ्फराबाद, मध्य प्रदेश, पञ्जाब र पुडुचेरीका केही स्थानमा मेघगर्जन र चट्याङसहित वर्षाको सम्भावना रहेको जनाएको छ । भारतको पूर्वी र मध्य भूभागमा शुक्रबारसम्म भारी वर्षाको सम्भावना रहेको मौसम विभागले जनाएको छ ।

****** ० ******